# सर्वोच्च अदालत, एकल इजलास

## माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.

## आदेश

## ०७७-WO-०९५४

विषयः उत्प्रेषण, परमादेश।

स्व. तार्छीदिप भण्डारीको छोरा जिल्ला ताप्लेजुंग साबिक खेबांग गा.बि.स. वडा नं. ८ पेदांग परिबर्तित श्रीजंगा गा.बि.स. वडा नं.५ पेदांग घर भई ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.२५ सैंबु, भैंसेपाटी बस्ने बरिष्ठ अधिबक्ता डा. सुरेन्द्र भण्डारी------------------------------------------------१ — निवेदक

विरुद्ध

श्री न्याय परिषद, न्याय परिषद सचिवालय रामशाहपथ, काठमाडौं--------------१

श्री चोलेन्द्र शमशेर ज.ब.रा., सम्माननीय अध्यक्ष न्याय परिषद्, न्याय परिषद् सचिवालय रामशाहपथ, काठमाडौं--------------------------------------------१

श्री दिपककुमार कार्की, माननीय सदस्य, न्याय परिषद्, न्याय परिषद् सचिवालय रामशाहपथ, काठमाडौं--------------------------------------------------१

श्री लीलानाथ श्रेष्ठ, माननीय सदस्य, न्याय परिषद्, न्याय परिषद् सचिवालय रामशाहपथ, काठमाडौं--------------------------------------------------१

श्री लक्ष्मी बहादुर "निराला" खड्का, माननीय सदस्य, न्याय परिषद्, न्याय परिषद् सचिवालय रामशाहपथ, काठमाडौं--------------------------------------------१ — विपक्षी

श्री राम प्रसाद श्रेष्ठ, माननीय सदस्य, न्याय परिषद्, न्याय परिषद् सचिवालय रामशाहपथ, काठमाडौं--------------------------------------------------१

श्री देवेन्द्रराज ढकाल, सचिब, श्री न्याय परिषद्, न्याय परिषद् सचिवालय रामशाहपथ, काठमाडौं------------------------------------------------१

श्री नहकुल सुवेदी, माननीय मुख्य न्यायाधीश, श्री उच्च अदालत सुर्खेत, सुर्खेत जिल्ला बिरेन्द्रनगर नगरपालिका सुर्खेत--------------------------------------१

नेपालको संविधानको धारा ४६ र १३३(२) र (३) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

<u>तथ्य खण्ड</u>

१. म रिट निवेदक लामो समयदेखि कानून ब्यबसायमा संलग्न भई हाल बरिष्ठ अधिवक्ताको रुपमा कानून व्यवसायमा संलग्न छु। न्यायिक स्वाधिनता, न्यायपालिकाको गरिमा, न्याय र कानूनको शाशन जस्ता आदर्श प्रति प्रतिबद्ध छु। मिति २०७७।११।२८ गते बिपक्षी न्याय परिषदले सर्वोच्च अदालतका न्यायाधीशका लागि श्री उच्च अदालत पाटनका मुख्य न्यायाधीश माननीय श्री कुमार चुडाल र श्री उच्च अदालत सुर्खेतका मुख्य न्यायाधीश माननीय श्री नहकुल सुवेदीलाई सिफारिस गरेकोमा उक्त निर्णयले नेपालको संविधानको धारा १२९(५) प्रतिकुल बिपक्षी श्री नहकुल सुबेदीलाई सर्वोच्च अदालतको न्यायाधीशका लागि सिफारिस गरेको हुँदा निज बिपक्षी श्री नहकुल सुबेदीको हकमासम्म उक्त मिति २०७७।११।२८ को निर्णय बदर गर्दा संबैधानिक सर्वोच्चता, न्यायिक स्वाधीनता, न्यायपालिकाको गरिमा न्याय र कानुनको शासन जस्ता आदर्श स्थापित हुने भएकोले सो हदसम्म उक्त निर्णय बदर गरी पाउन र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम यस मुद्धाको अन्तिम निर्णय नभएसम्म श्री नहकुल सुबेदीको हकमा सम्म उक्त निर्णय कार्यान्वयन नगर्नु नगराउनु र सोहि प्रयोजनका लागि श्री व्यबस्थापिका संसद सचिवालयलाई निज नहकुल सुबेदीका हकमा यो मुद्दाको अन्तिम निर्णय नभएसम्म संसदीय सुनवाई रोक्न जानकारी पत्र लेख्नु भनि बिपक्षी न्याय परिषद् र न्याय परिषद्का सचिबका नाममा अन्तरिम आदेश समेत जारी गरी पाउन नेपालको संविधानको धारा ४६ एंव १३३ (२) र (३) बमोजिम यो रिट निबेदन लिएर उपस्थित भएको छु।

२. निम्न लिखित संबैधानिक एंव कानूनी आधारमा उत्प्रेषण, परमादेश लगायत अन्य जो चाहिने उपर्युक्त आज्ञा आदेश जारी गरी पाउँ भनि सादर निबेदन गर्दछु। नेपालको संविधानको धारा १२९(५) ले सर्वोच्च अदालतको न्यायाधीशका लागि

आधारभूत योग्यता सुनिश्चित गरेको छ। सो मध्ये कुनै एक योग्यता पुगेमा सर्वोच्च अदालतको न्यायाधीशको रुपमा नियुक्ति हुन योग्य मानिन्छ। बिपक्षी नहकुल सुबेदीको हकमा सो मध्ये कुनै पनि योग्यता नपुगेको हुँदा निज सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति हुन सिफारिश योग्य नै छैनन्। योग्यता नपुगेको व्यक्तिलाई गरिएको सिफारिश सो हदसम्म गैर संबैधानिक भएको हुँदा बदरभागी छ।

३. यसै सन्दर्भमा म रिट निवेदकले मिति २०७७।१२।५ मा न्याय परिषद् समक्ष सूचना प्राप्त गर्न दिएको निबेदन सम्बन्धमा न्याय परिषदबाट मिति २०७७।१२।६ गते मलाई उपलब्ध भएको सूचना समेतबाट बिपक्षी श्री नहकुल सुबेदीको संविधानको धारा १२९(५) बमोजिमको योग्यता पुगेको देखिँदैन। निज नहकुल सुबेदी मिति २०७४।०९।२५ मा उच्च अदालतको मुख्य न्यायाधीश पदमा नियुक्त भएको देखिन्छन। अर्थात् मिति २०७७।११।२८ गतेसम्ममा उच्च अदालतको मुख्य न्यायाधीश पदमा निजले काम गरेको अबधि ३ बर्ष २ महिना ३ दिन मात्रै भएको प्रस्टै छ। यस्तो अवस्थामा निज नहकुल सुबेदीले उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको देखिँदैन। त्यसरी नै राजपत्रांकित प्रथम श्रेणी सहसचिब पदमा मिति २०६४।०५।०७ मा नियुक्त भएका निज नहकुल सुबेदी राजपत्रांकित बिशिष्ठ श्रेणी मुख्य रजिष्ट्रारमा २०७४।३।२२ सम्म कार्यरत भएको देखिन्छ। अर्थात् निजले राजपत्रांकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा ९ बर्ष १० महिना १५ दिन काम गरेको देखिन्छ र मिति २०७४।३।२२ बाटै निजको सो सेवा समाप्त भई निज मिति २०७४।९।२० मा मुख्य न्यायाधीशको पदमा सिफारिस भई मिति २०७४।९।२५ देखि उच्च अदालतका मुख्य न्यायाधीश, भई कार्य गरेको देखिन्छ। अर्थात् निज नहकुल सुबेदीले राजपत्रांकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा रही संविधानले व्यवस्था गरे बमोजिम कम्तिमा १२ बर्ष काम गरेको पनि देखिँदैन र हाल निज कर्मचारीको रुपमा जागिरमा नभएको पनि प्रस्ट छ। त्यसरी नै निजको शन्दर्भमा संविधानको धारा १२९(५) आकर्षित हुन् नसक्ने भनि बुझ्न वा ब्याख्या गर्न मिल्ने पनि देखिँदैन। यदि कोहि पनि

संविधानभन्दा माथि हुँदैन र छैन भने निज विपक्षी नहकुल सुबेदी मुख्य न्यायाधीश भएको कारणले मात्रै संबिधानभन्दा माथि भएको अनुमान गर्न सकिदैन। बिपक्षी नहकुल सुबेदीका हकमा मिति २०७७।११।२८ गते बिपक्षी न्याय परिषद्बाट संविधानबिपरित भएको निर्णयले संबैधानिक सर्वोच्चतालाई नजरअन्दाज गरेको छ। उक्त निर्णले कानूनको शाशनलाई समेत पराजित गरेको छ। साथ साथै विभिन्न उच्च अदालतमा कार्यरत ४१ जना न्यायाधीशहरु न्यायाधीशमा नियुक्त भएको र न्यायाधीशको रुपमा कार्य गरेको अबधिका आधारमा अर्थात् न्याय परिषद् ऐन, २०७३ को दफा ५ अनुसार निज नहकुल सुबेदी भन्दा बरिष्ठ र अनुभवी हुँदा हुँदै नेपालको संविधानको धारा १२९(५) र न्याय परिषद् ऐन, २०७३ को दफा ५ को १(क) एंव (ख) प्रतिकुल योग्यता नपुगेको व्यक्तिलाई सर्बोच्च अदालतको न्यायाधीशमा नियुक्तिका लागि सिफारिस गरेको हुँदा उक्त निर्णय असंबैधानिक र गैरकानूनी भएको हुँदा उत्प्रेषणको आदेशले बदर गरिपाउँ।

४. संविधान र कानूनविपरित नियुक्त भएको न्यायाधीशले संविधान र कानूनको गरिमा र आस्था कायम गरी संविधान र कानूनको सहि र निस्पक्षे व्याख्या गर्न सक्ने कुरा बिश्वषनिय समेत नहुने भएकोले माथि निबेदन गरिए बमोजिम निम्न लिखित आदेश जारी गरि पाउँ ।

(क) निज विपक्षी नहकुल सुबेदीका हकमा विपक्षी न्याय परिषदले मिति २०७७।११।२८ गते गरेको निर्णय र सो निर्णयका आधारमा निजको नियुक्ति संग सम्बन्धित सम्पूर्ण पत्राचार र प्रक्रियाहरु उत्प्रेषणको आदेशले बदर गरि पाउँ।

(ख) सिफारिश गरिने व्यक्तिको योग्यता के कसरि र के कुन आधारमा पुगेको हो र अन्य प्रतिस्पर्धी वा योग्यता पुगेका व्यक्तिहरु मध्ये सिफारिश गरिएको व्यक्ति किन, के र कुन आधारमा योग्य हुन् र संविधान र कानूनले तोकेको प्रक्रिया के कसरि पुरा भएको छ भनी प्रस्ट, तार्किक र बस्तुनिष्ठ आधार र कारणको विश्लेषण गरी त्यस्तो विश्लेषणका आधारमा मात्रै निर्णयमा पुगी सिफारिश गर्नु भनि परमादेशको आदेश जारी गरी पाउँ।

(ग) श्री सर्बोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम नेपालको संविधानको धारा २९२ एंब न्याय परिषद् ऐन, २०७३ को दफा ६

बमोजिम यो मुद्दाको अन्तिम निर्णय नभएसम्म निज नहकुल सुबेकीका हकमा संसदीय सुनवाई नगर्नु नगराउनु भनि अन्तरिम आदेश जारी गरी संसदीय सुनवाई रोक्नका लागि व्यवस्थापिका संसद सचिवालयमा पत्र लेख्नु र यदि संसदीय सुनवाई भई सकेको अवस्था भए नियुक्तिका लागि राष्ट्रपतिसमक्ष पेश गर्ने कार्य रोक्नु भनि न्याय परिषद्का सचिबका नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्ने बेहोराको वरिष्ठ अधिवक्ता डा. श्री सुरेन्द्र भण्डारीको यस अदालतमा पर्न आएको निवेदन।

५. यसमा न्याय परिषद्को मिति २०७७।११।२८ को सर्वोच्च अदालतको न्यायाधीश नियुक्ति सम्बन्धी निर्णयको फाइल र श्री नहकुल सुवेदीको व्यक्तिगत विवरण भएको व्यक्तिगत फाइल न्याय परिषद्बाट झिकाउनू, यस विषयमा प्रतिनिधि सभा, संसदीय सुनुवाई समितिमा पनि उजुरी परेको हुँदा प्रस्तुत मुद्दा नि.सु.को लागि मिति २०७७।१२।३० गतेका दिन राखी नियमानुसार गरी पेश गर्नू भन्ने यस अदालतको मिति २०७७।१२।१९।५ को आदेश।

## आदेश खण्ड

६. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनको मिसिलसंलग्न प्रमाण कागजातहरूको अध्ययन गरियो।

७. निवेदक तर्फबाट निवेदक स्वयं वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र भण्डारी एवं अन्य वरिष्ठ अधिवक्ताहरु श्री बालकृष्ण न्यौपाने, श्री ध्रुवलाल श्रेष्ठ र अधिवक्ता रामबहादुर राउतले नेपालको संविधानको धारा १२९(५) ले सर्बोच्च अदालतको न्यायाधीशका लागि लिखित आधारभूत योग्यता सुनिश्चित गरेको छ। सो मध्ये कुनै एक योग्यता पुगेमा श्री सर्बोच्च अदालतको न्यायाधीशको रुपमा नियुक्ति हुन योग्य मानिन्छ। तर बिपक्षी नहकुल सुबेदीको हकमा सो मध्ये कुनै पनि योग्यता नपुगेको हुँदा निज सर्बोच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति हुन सिफारिश योग्य नै छैनन्। निज नहकुल सुबेदी मिति २०७४।०९।२५ मा उच्च अदालतको मुख्य न्यायाधीश पदमा नियुक्त भएको देखिन्छन्। मिति २०७७।११।२८ गतेसम्ममा उच्च अदालतको मुख्य न्यायाधीश पदमा निजले काम गरेको अबधि ३ बर्ष २ महिना ३ दिन मात्रै भएको प्रस्टै छ। यस्तो अवस्थामा निज नहकुल सुबेदीले उच्च अदालतको मुख्य न्यायाधीश वा

न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको देखिँदैन। त्यसरी नै राजपत्रांकित प्रथम श्रेणी सहसचिब पदमा मिति २०६४।०५।०७ मा नियुक्त भएका निज नहकुल सुबेदी राजपत्रांकित बिशिष्ठ श्रेणी मुख्य रजिष्ट्रारमा २०७४।३।२२ सम्म कार्यरत भएको देखिन्छ। निजले राजपत्रांकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा ९ बर्ष १० महिना १५ दिन काम गरेको देखिन्छ र मिति २०७४।३।२२ बाटै निजको सो सेवा समाप्त भई निज मिति २०७४।९।२० मा मुख्य न्यायाधीशको पदमा सिफारिस भई मिति २०७४।९।२५ देखि उच्च अदालतका मुख्य न्यायाधीश, भई कार्य गरेको देखिन्छ। निज नहकुल सुबेदीले राजपत्रांकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा रही संविधानले व्यवस्था गरे बमोजिम कम्तिमा १२ बर्ष काम गरेको पनि देखिँदैन र हाल निज कर्मचारीको रुपमा जागिरमा नभएको पनि प्रस्ट छ। बिपक्षी नहकुल सुबेदीका हकमा मिति २०७७।११।२८ गते बिपक्षी न्याय परिषद्बाट संविधान बिपरित भएको निर्णयले संबैधानिक सर्वोच्चतालाई नजर अन्दाज गर्नुका साथै कानूनको शाशनलाई समेत पराजित गरेको छ। न्याय परिषद् ऐन, २०७३ को दफा ५ अनुसार निज नहकुल सुबेदी भन्दा बरिष्ठ र अनुभवी न्यायाधिशहरु हुँदा हुँदै नेपालको संविधानको धारा १२९(५) र न्याय परिषद् ऐन, २०७३ को दफा ५ को १(क) एंव (ख) प्रतिकुल योग्यता नपुगेको व्यक्तिलाई सर्बोच्च अदालतको न्यायाधीशमा नियुक्तिका लागि गरिएको सिफारिस असंबैधानिक र गैरकानूनी भएको हुँदा उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी गर्नु भएको वहससमेत सुनियो।

८. उपरोक्तानुसारको तथ्यगत विषय र वहस जिकिरसमेत भएको प्रस्तुत रिट निवेदनमा निवेदकको निवेदन दावी पुग्न सक्छ, सक्दैन ? भन्ने विषयमा नै निर्णय दिनु पर्ने देखिन आयो।

९. निर्णय तर्फ विचार गर्दा, प्रत्यर्थी मूख्य न्यायाधीश श्री नहकुल सुवदी रा.प. प्रथम श्रेणीको पदमा मिति २०६४।०५।०७ मा नियुक्ती भई ऐ. विशिष्ट श्रेणीको मूख्य रजिष्ट्रारमा मिति २०७४।३।२२ सम्म कार्यरत रहेबाट निज रा. प. प्रथम श्रेणी र सो भन्दा माथील्लो पदमा जम्मा १० वर्ष ४ महिना १८ दिन, मूख्य न्यायाधीशको पदमा मिति २०७४।९।२० मा सिफारिस भई ऐ. २५ गते

नियुक्ती भई मिति २०७७।११।२८ गतेसम्म कार्यरत रहेको अवधिलाई गणना गर्न नमिल्ने हुँदा संविधानको धारा १२९ को उपधारा (५) बमोजिम उक्त पदमा कार्यरत रहनु पर्ने १२ वर्षको अवधि पुरा नभएकोले नेपालको संविधानको धारा १२९(५) ले गरेको व्यवस्था अनुसार योग्यता नपुगेकोले निजलाई सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तीको लागि मिति २०७७।११।२८ गते बिपक्षी न्याय परिषद्बाट भएको सिफारिसको निर्णय असंवैधानिक भएको हुँदा उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने निवेदकको मूख्य जिकिर रहेको देखियो।

१०. सर्वप्रथम न्यायपरिषद्को मिति २०७७।११।२८ गतेको निर्णय तर्फ हेर्दा, सर्वोच्च अदालतमा रिक्त रहेको न्यायाधीश पदपूर्ति गर्ने सम्बन्धमा नेपालको संविधानको धारा १२९ बमोजिम सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको एवं न्याय परिषद् ऐन, २०७३ को दफा ५ बमोजिमका आधारहरुबाट सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त हुन सक्ने उच्च अदालतमा कार्यरत रहेका मुख्य न्यायाधीशहरुमध्ये तुलनात्मक रुपमा योग्यतम् देखिएका देहायका मूख्य न्यायाधीशहरुलाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गर्न उपयुक्त देखिएकोले नेपालको संविधानको धारा २९२ तथा न्याय परिषद् ऐन, २०७३ को दफा ६ बमोजिम संसदीय सुनुवाईको लागि संघीय संसदमा पठाई सुनुवाई भई आएपछि नेपालको संविधानको धारा १२९ बमोजिम राष्ट्रपति समक्ष नियुक्तिको लागि सिफारिस गर्ने भन्ने वेहोरा उल्लेख गरी उच्च अदालत सुर्खेतका माननीय मुख्य न्यायाधीश श्री नहकुल सुवेदीको नाम उल्लेख रहेको देखिन्छ। संविधान बमोजिम सर्वोच्च अदालतको न्यायाधीश हुन आवश्यक सेवा अवधि र शैक्षिक योग्यता, कार्य सम्पादन, वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारिता, निष्पक्षता र नैतिक आचरण, निरिक्षण प्रतिवेदन, कार्यसम्पादन मूल्याङ्कन, न्यायिक क्षेत्रमा पुऱ्याएको योगदान र प्राप्त गरेको ख्यातिलाई न्यायाधीशको नियुक्तिको सिफारिसका आधार कारणहरु उल्लेख गरेको देखिन्छ।

११. सर्वोच्च अदालतको न्यायाधीश नियुक्त सम्बन्धमा विगत देखि वर्तमान सम्मका संवैधानिक व्यवस्थालाई हेर्दा, नेपालको संविधान २०१९ को धारा ६९ को उपधारा (३) मा **"४५ वर्षको उमेर पुगेको नभई र देहाय बमोजिम नभई कुनै पनि व्यक्ति प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको अन्य न्यायाधीशको पदमा नियुक्त**

हुन योग्य हुने छैन। कम्तिमा क्षेत्रिय अदालतको न्यायाधीश वा सो सरहको न्यायिक पदमा ५ वर्ष काम गरेको नभई, कम्तिमा सरकारी वा गैर सरकारी अधिवक्ताको हैसियतमा सात वर्ष वकालत गरेको नभई वा श्री ५ को बिचारमा कानूनवेत्ता नभई"। त्यस्तै नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८७ को उपधारा (३) मा "पुनरावेदन अदालतको न्यायाधीशको हैसियतमा वा सो सरहको न्याय सेवाको कुनै पदमा कम्तिमा १० वर्ष काम गरेको वा कानूनमा स्नातक अधिवक्ता वा वरिष्ठ अधिवक्ताको हैसियतमा कम्तिमा १५ वर्ष वकालत गरेको वा कम्तिमा १५ वर्षसम्म न्याय वा कानूनको क्षेत्रमा काम गरी विशिष्ट कानूनविदका रुपमा ख्याति प्राप्त गरेको व्यक्ति मात्र सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य मानिनेछ" भन्ने रहेको व्यवस्था पाइन्छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा १०३ को उपधारा (३) मा "पुनरावेदन अदालतको न्यायाधीश वा सो सरहको न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा कम्तीमा वाह्र वर्ष काम गरेको वा कानूनमा स्नातक अधिवक्ता वा वरिष्ठ अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष वकालत गरेको वा कम्तीमा पन्ध्र वर्षसम्म न्याय वा कानूनको क्षेत्रमा काम गरी विशिष्ट कानूनविद्का रुपमा ख्याति प्राप्त गरेको व्यक्ति मात्र सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि योग्य मानिने छ"।

१२. माथि उल्लेखित विगतका संवैधानिक व्यवस्थाहरुलाई तुलनात्मक रुपमा केलाएर हेर्दा, २०१९ सालको संविधानमा क्षेत्रीय अदालतको न्यायाधीश वा सो सरहको न्यायिक पदमा ५ वर्ष काम गरेको हुनु पर्ने भन्ने व्यवस्थाले क्षेत्रीय अदालतको न्यायाधीश सरहको न्यायिक पदमा ५ वर्ष काम गरेको व्यक्ति वा न्यायसेवाको सो सरहको प्रशासनिक पदलाई नै समेटेको देखिन्छ। २०४७ सालको संविधानमा पुनरावेदन अदालतको न्यायाधीशको हैसियतमा वा सो सरहको न्याय सेवाको कुनै पदमा कम्तीमा दश वर्ष काम गरेको हुनु पर्ने भन्ने व्यवस्थाले पुनरावेदन अदालतको न्यायाधीशको हैसियत वा सो सरहको न्यायसेवाको कुनै पदमा कम्तीमा दश वर्ष काम गरेको अवधी एक अर्को पदमा काम गरेको अवधि जोडिएर नभै अलग अलग रुपमा पुरा भएको हुनु पर्ने व्यवस्था रहेको छ। २०६३ सालको अन्तरिम संविधानमा पुनरावेदन अदालतको न्यायाधीश सरहको

न्याय सेवाको कुनै पदमा ७ वर्ष वा न्याय सेवाको राजपत्राङ्कितको प्रथम श्रेणी वा सो भन्दा माथिको पदमा कम्तिमा बाह्र वर्ष काम गरेको भन्ने व्यवस्थाले न्याय सेवाको अधिकृत देखि रा.प. विशिष्ट श्रेणी र माथिल्लो पदमा काम गरेको उच्च अधिकृतलाई समेत सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गर्न सकिने प्रावधान रहेको थियो। यस प्रकार पुनरावेदन अदालतको न्यायाधीश सरहका न्याय सेवाको प्रथम श्रेणी र सो भन्दा माथिका विशिष्ट श्रेणीका उच्च अधिकृत पनि संविधानमा तोकिएको आवश्यक सेवा अवधि पुरा गरेको रहेछ भने ऊ पनि सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त हुन सक्ने व्यवस्था रहेको पाइन्छ।

१३. प्रस्तुत निवेदनमा यी निवेदकले मुख्य न्यायाधीश नहकुल सुबेदीको सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त हुन आवश्यक सेवा अवधि नपुगेको भन्ने विषयसम्ममा प्रश्न उठाएको र सो बाहेक शैक्षिक योग्यता, कार्य सम्पादन, वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारिता, निष्पक्षता, पेशागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति, न्याय र कानूनको क्षेत्रमा गरेको योगदान लगायतका विषयमा कुनै प्रश्न उठाउन सकेको नदेखिंदा निजको आवश्यक सेवा अवधि पुगेको देखिन्छ वा देखिंदैन भन्ने प्रश्न बाहेक संविधानले तोकेका अन्य आवश्यक आधार र योग्यतका सन्दर्भमा प्रस्तुत निवेदनको रोहबाट विचार गरिरहन परेन ।

१४. विपक्षी नहकुल सुवेदीलाई सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि आवश्यक सेवा अवधि नपुगेको भन्ने निवेदकको मुख्य जिकिर देखिन्छ। नेपालको वर्तमान संविधानको धारा १२९ को उपधारा (५) ले सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति हुन चाहिने योग्यताको सम्बन्धमा निम्न व्यवस्था गरेको छ। **"कानूनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानूनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा पन्ध्र वर्षसम्म न्याय वा कानूनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानूनविदको रूपमा ख्याति प्राप्त गरेको वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वासोभन्दा माथिल्लो पदमा कम्तीमा बाह्र वर्ष काम गरेको**

**नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिनेछ"** भन्ने व्यवस्था रहेको छ।

१५. न्याय परिषद सचिवालयबाट प्राप्त मुख्य न्यायाधीश नहकुल सुवेदीको व्यक्तिगत फाइल हेर्दा निज मिति २०५१।५।४ देखि न्याय सेवाको शाखा अधिकृत पदमा अस्थायी सेवा शुरु गरी मिति २०५२।८।२४ मा स्थायी शाखा अधिकृत, मिति २०५९।४।४ बाट उपसचिव र मिति २०६४।५।७ मा नेपाल न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणीको सहसचिव पदमा नियुक्त भएको देखिन्छ। तत्पश्चात मिति २०७३।१०।०६ मा विशिष्ट श्रेणीको सचिव पदमा र मिति २०७४।०३।२२ मा सर्वोच्च अदालतको मुख्य रजिस्ट्रारको पदमा नियुक्त भै कार्यरत रहिरहेकै अवस्थामा मिति २०७४।०९।२५ मा उच्च अदालतको मुख्य न्यायाधीश पदमा नियुक्त भै उच्च अदालत तुलसीपुरमा रमाना भै गएको भन्ने देखिन आउंछ। मिसिल संलग्न रमानापत्रबाट सञ्चित विदा लगायतका सेवा सुविधामा समेत निरन्तरता रहेको देखिन्छ। निज तत्काल कार्यरत मुख्य रजिष्ट्रार पदबाट अवकाशप्राप्त गरी पुनः मुख्य न्यायाधीशको पदमा नियुक्त भएको वा सेवा अवधि टुटेको वा निजको सेवामा निरन्तरता नभएको भन्ने देखिन आउदैन। सो मितिदेखि निज विभिन्न उच्च अदालतमा रही मुख्य न्यायाधीशको रुपमा न्याय सम्पादनको कार्य गरिरहेको तथ्यमा विवाद छैन।

१६. मुख्य न्यायाधीशको पदलाई न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणीभन्दा माथिल्लो पदका रुपमा मान्न मिल्दैन भन्ने निवेदन जिकिरका सम्बन्धमा हेर्दा मुख्य न्यायाधीश नहकुल सुबेदी राजपत्रांकित प्रथम श्रेणीको पदबाट मिति २०७३।१०।०६ मा विशिष्ट श्रेणीको सचिव पदमा र मिति २०७४।०३।२२ मा सर्वोच्च अदालतको मुख्य रजिस्ट्रारको पदमा बढुवा नियुक्ति भएको देखिन्छ। सर्वोच्च अदालत ऐन, २०४८ को दफा ९ अनुसार मुख्य रजिस्ट्रार सर्वोच्च अदालतको प्रमुख प्रशासकीय पद हो । नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरू, २०५१ मा मुख्य रजिष्ट्रारको पद उल्लेख भएको नदेखिएतापनि मिसिल संलग्न बढुवा नियुक्तिपत्र र सो पदको कार्य प्रकृति समेत हेर्दा उक्त पद राजपत्रांकित प्रथम श्रेणीभन्दा माथिल्लो पद भएको र निज नहकुल सुबेदी सोही पदबाट मुख्य न्यायाधीशको पदमा नियुक्त भै रमाना

लिई गएको एवम् मिति २०७६।१।१६ को नेपाल राजपत्रमा प्रकाशित नेपाल सरकारको मर्यादाक्रमबाट समेत मुख्य न्यायाधीशको पद राजपत्रांकित प्रथम श्रेणीभन्दा माथिल्लो पद रहेको तथ्य स्पष्ट छ।

१७. संविधानको धारा १२९(५) मा "न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पद" उल्लेख भएको र त्यस्तो "माथिल्लो पद" ले निजामती कर्मचारीलाई मात्र बुझाउने हो कि भन्नलाई संविधानमा माथिल्लो श्रेणी वा माथिल्लो राजपत्रांकित पद वा सो भन्दा माथिल्लो अधिकृत वा यस्तै अन्य कुनै कर्मचारीलाई मात्र बुझाउने विशेष अर्थ दिने शब्दावली प्रयोग भएको देखिएन । नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशमा न्यायसेवालाई अदालततर्फको सेवा, न्यायालयको जागिर भनी परिभाषित गरेको देखिन्छ। विपक्षी मध्येका मुख्य न्यायाधीश नहकुल सुबेदी अदालतको सेवाबाट वा न्यायसम्पादनको कार्यबाट अलग भएको भन्ने देखिन आउंदैन। संविधानले स्पष्टरुपमा अलग नगरेको स्थितिमा उल्लिखित संवैधानिक ब्यवस्थाले न्यायाधीशको हैसियतले दिनानु दिन न्यायसम्पादनको कार्य गरिरहेको सेवाअवधिलाई निवेदकले जिकिर लिएजस्तो न्याय सेवाको पदमा कार्यगरेको भनी गणना गर्न नमिल्ने देखिएन । संविधानले कुनै बाधा नगरेको अवस्थामा मनोगत अर्थ गरी मुख्य न्यायाधीशको पदमा रही कार्य गरेको अनुभवलाई संविधानको धारा १२९(५) मा प्रयुक्त माथिल्लो पदमा कार्य गरेको भनी मान्न नमिल्ने भन्ने देखिएन ।

१८. संविधानको धारा १२९(५) मा प्रयुक्त "न्याय सेवा" ले निजामती सेवा ऐन २०४९ को दफा ३ ले गठन गरेको "नेपाल न्याय सेवा" लाई मात्र इंगित गरेको हो भनी मान्ने हो भने उक्त संवैधानिक ब्यवस्थाले नेपाल न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणीमा बाह्र वर्ष काम गरेको भए सहसचिव तहको कर्मचारी नै सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागी योग्य मानिने तर उक्त पदमा समेत काम गरी सोबाट बढुवा वा नियुक्ति भै सो भन्दा माथिका सचिव, रजिष्ट्रार, मुख्य रजिष्ट्रार वा मुख्य न्यायाधीशको पद समेतमा रही बाह्र वर्ष काम गरेको ब्यक्ति सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि अयोग्य हुने भन्ने अचम्मको र उदेकलाग्दो अर्थ (stupid meaning) निस्कने हुन्छ। कानूनको ब्याख्या सामान्य समझ (common sense) को विषय पनि हो। संविधान वा

कानूनको व्याख्या गर्दा सोमा प्रयुक्त कुनै शब्दावली मात्र टपक्क टिपेर त्यसको यान्त्रिक वा प्राविधिक व्याख्या नगरी संविधान वा कानूनको मर्म र भावना अनुकुल यसको सुन्दर र सकारात्मक पक्षको खोजी (Positive Construction of law) गरिनुपर्छ । कानूनको व्याख्या गर्दातर्कपूर्ण, विवेकसम्मत, व्यवहारिक एवम् न्यायपूर्ण अर्थ निस्कने गरी गर्नुपर्छ ।

१९. संविधानको धारा १२९ (५) मा गरेको हेर्दा कानूनमा स्नातक उपाधी प्राप्त गरी उच्च अदालतको मूख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा ५ वर्ष काम गरेको वा ... न्याय सेवाको राज पत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिको पदमा कम्तिमा बाह्र वर्ष काम गरेको नेपाली नागरिकलाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गर्न सकिने भन्ने व्यवस्था दुई अलग अलग व्यवस्था हुन्। प्रथमतः मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा ५ वर्ष काम गरेको वा न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिको पदमा कम्तीमा बाह्र वर्ष काम गरेको हुनु पर्ने व्यवस्थामा न्याय सेवाको विशिष्ट श्रेणीको पदसम्म नभनी राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा काम गरेको हुनु पर्ने भन्ने व्यवस्थाले रा.प. विशिष्ट श्रेणी भन्दा पनि माथिल्लो पदमा काम गरेको अवधि समेतलाई समेटेको छ। न्याय सेवामा विशिष्ट श्रेणीको पद रजिष्ट्रार, मूख्य रजिष्ट्रार भन्दा माथिको पद मुख्य न्यायाधीशको पद रहेको हुँदा सो रा.प. विशिष्ट श्रेणीको पद देखि माथिल्लो पद मुख्य न्यायाधीशको पदमा समेत नियुक्त भई निरन्तर रुपमा काम गरेको अवधी समेतलाई गणना गर्न मिल्ने नै देखिन आउँछ। रा.प. विशिष्ट श्रेणी भन्दा माथिल्लो मूख्य न्यायाधीशको पदमा काम गरेको अवधिलाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गरिने संविधानको धारा १२९ को उपधारा (५) को प्रयोजनार्थ गणना गर्न नमिल्ने भन्ने कुनै कारण, आधार र अवस्था देखिंदैन।

२०. नेपालको संवैधानिक तथा कानूनी व्यवस्था एवं न्यायाधीश नियुक्ति सम्बन्धी अभ्यास र परम्परालाई हेर्दा समेत उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशलाई नियुक्तिको प्राथमिकतामा राखेको देखिन्छ। न्यायसम्मपादनको कार्य गरिरहेका व्यक्तिलाई नै सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त गरिएमा न्याय सम्पादनको कार्य परिमार्जित, दृढ र प्रभावकारी हुने स्वभाविक अपेक्षा पनि हो।

यद्यपि न्यायाधीश नियुक्तिका लागि सेवा अवधि मात्र पुरा हुनु र बाञ्छित योग्यता हासिल हुनु दुई पृथक अवस्था हो। न्याय परिषद् ऐन, २०७३ को दफा ५ (ख) मा न्यायाधीश नियुक्ति गर्दा वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारिता, निष्पक्षता, पेशागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति, न्याय र कानूनको क्षेत्रमा गरेको योगदान समेतको दृष्टिकोणबाट गरिनुर्ने ब्यवस्था गरेको छ। यो प्रावधानले न्यायाधीशको नियुक्ति गर्दा वरिष्ठतालाई पहिलो प्राथमिकतामा राखेको देखियो । उक्त व्यवस्थाको उद्देश्य न्याय परिषदले न्यायाधीशको नियुक्ति गर्दा कार्यक्षमता, निष्ठा र आचरणजस्ता पक्षमा प्रश्न नउठेको अवस्थामा वरिष्ठताक्रममा अगाडि भएका ब्यक्तिलाई नियुक्ति गर्ने दृष्टिकोण राख्नुपर्छ भन्ने हो । मुख्य न्यायाधीश नहकुल सुबेदी न्यायपरिषदबाट निर्धारित न्यायाधीशहरुको वरिष्ठताक्रमबाट दोस्रो स्थानमा रहेको न्यायपरिषद्को निर्णयबाट देखिन आएकाले उल्लिखत कानूनी ब्यवस्था विपरित वा वरिष्ठताको क्रम मिचि नियुक्ति गरेको अवस्था पनि देखिन आउदैन।

२१. न्यायाधीश नियुक्तिको कार्यमा कार्यपालिका, राजनीतिक दल नेपाल बार र सर्वोच्च अदालत बार (Bar) एशोसियसनको गम्भिर चासो र सरोकार रहने भए तापनि न्यायाधीश नियुक्ति न्याय परिषद्को सिफारिसमा हुने हुँदा यो कार्य मूख्यतः न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता र सक्षमतासँग नै जोडिएको हुन्छ। न्यायाधीश नियुक्तिमा वरिष्ठताको साथै सक्षमता र निष्पक्षता समेतलाई हेर्नु पर्ने हुन्छ। न्यायाधीशमा नियुक्ति हुने व्यक्तिको योग्यता सक्षमता र निष्पक्षताको न्याय परिषद्ले मूल्याङ्कन गरी नियुक्ति गर्ने संवैधानिक व्यवस्था भए तापनि न्यायाधीश र उनीहरुले गर्ने न्यायिक कार्य न्यायपालिकासँग सम्बन्धित हुने गर्दछ। यसैले न्यायाधीश नियुक्तिमा सरोकार सवै संस्था, व्यक्ति र राजनीतिक दलको चासो रहने र न्याय परिषद्को सिफारिसमा नियुक्ति हुने भएपनि न्यायपालिकाबाट संस्थागत रुपमा गरिने मूल्याङ्कन सहितको विचार र दृष्टिकोणले नै पूर्णतः प्राथमिकता पाउनु पर्दछ।

२२. न्यायाधीश नियुक्ति जिल्ला अदालतमा परीक्षा प्रणाली र जेष्ठताको आधारमा हुने हुन्छन्। उच्च अदालत र सर्वोच्च अदालतमा जिल्ला न्यायाधीश, न्याय सेवाका प्रथम श्रेणीका अधिकृतहरुबाट र साथै विश्व विद्यालयका प्राध्यापक, अनुसन्धानकर्ता

र कानून व्यवसायीहरुबाट पनि नियुक्ति गर्ने गरिन्छ। सर्वोच्च अदालतको रिक्त न्यायाधीश पदमा केडर न्यायाधीश र कानून व्यवसायीहरुबाट पनि नियुक्ति हुने संवैधानिक व्यवस्था रहेको हुँदा उच्च अदालतमा कार्यरत केडर न्यायाधीश र साथै न्यायसेवाको रा.प. प्रथम श्रेणी वा सो भन्दा माथिल्लो श्रेणी र पदबाट न्यायाधीश एवं मूख्य न्यायाधीशमा नियुक्ती भएका योग्य, सक्षम र आचरणयुक्त न्यायाधीश र मूख्य न्यायाधीशलाई पनि सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्ति गर्दा उपरोक्त संवैधानिक व्यवस्थाको वास्तविक मर्म र भावना अनुकूल हुनुको साथै प्रायसः निस्कृय रुपमा रहेको संवैधानिक व्यवस्था समेत कार्यान्वयन हुन जान्छ।

२३. बहसको सिलसिलामा निवेदक तर्फका विद्वान वरिष्ठ अधिवक्ताहरुले मूख्य न्यायाधीश नहकुल सुवेदी भन्दा अघि र निजसँगै सेवामा प्रवेश गरेकाहरु अझै पनि उच्च अदालतमा छन्, प्रत्यर्थी नहकुल सुवेदीलाई एकै वर्षमा दुई वटा बढुवा गरेर सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति गरियो, त्यो पनि संविधान सम्मत छैन भन्ने जिकिर सुनियो। यो जिकिर स्वभाविक हो, यसलाई अन्यथा भन्न मिल्ने हुँदैन। यो अवस्थाको सम्बन्धमा २०४७ सालको संविधान लागु हुँदाको समयको सुरुवात देखि नै केडरका अधिकृत र न्यायाधीश भन्दा उमेर र अन्य अनुभव पनि कम भएका व्यक्तिलाई न्यायाधीशमा नियुक्ती गरिनु हुँदैन अर्थात सेवा वाहिरवाट न्यायाधीश नियूक्ती गरिदा सेवा भित्रका अधिकृतहरु र केडरका समकक्षी वरावर भए उपयुक्त हुने भन्ने सेवा भित्रैबाट पटक पटक सुझाएको अवस्था थियो। समयको क्रमसंगै पुनरावेदन/उच्च अदालत र सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति गर्दा ती अवस्थाहरु क्रमशः अनुसरण गर्न कठीन बन्दै गयो। अहिले सेवा बाहिर कानून व्यवसायीहरुबाट न्यायाधीश नियुक्ति गर्दा उनीहरुका समकक्षी तल्लो अदालतको न्यायाधीश र उच्च तहसम्मको अधिकृत पदमा कार्यरत रहिरहेको अवस्था छ। कानून व्यवसायीबाट यसरी कनिष्ठलाई दुवै तहको अदालतको न्यायाधीश पदमा नियुक्ति गर्दा मौनता साध्ने र सेवा भित्रवाट अपवाद स्वरुप एउटा/दुईटा सेवा प्रवेश र बढुवाको प्रतिष्पर्धात्मक लिखित एवम् मौखिक परिक्षा उत्तिर्ण गरी सेवा प्रवेश गरेका र बढुवा भएका उच्च तहका अधिकृतलाई संविधानको प्रावधान बमोजिम सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति गरिंदा गम्भिर रुपमा आपत्ती जनाई हाल्नु पर्ने अवस्था देखिंदैन। संविधानले तोकेको

आवश्यक न्यूनतम् योग्यता, उच्च शिक्षा, आवश्यक तालिम र अनुभव समेत प्राप्त गरी सकेका सेवा भित्रका तल्ला तहका केडरका न्यायाधीश र उच्च तहका अधिकृतहरु उच्च र सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त हुन संविधानतः योग्य नै मानिन्छन्। सर्वोच्च अदालतको न्यायाधीश पदमा विशेषज्ञताको आधारमा अपवाद स्वरुप सेवा बाहिर कानून व्यवसायी र प्राध्यापक क्षेत्रबाट नियुक्ति गरिनु एउटा पक्ष छ, त्यसका साथै जिल्ला न्यायाधीश न्यायसेवाको उच्च अधिकृत र कानून व्यवसायीबाट उच्च अदालतमा नियुक्त भएका न्यायाधीशहरुबाट नियुक्त गरिएमा बढी उपयुक्त हुन जान्छ।

२४. प्रत्यर्थी मूख्य न्यायाधीश श्री नहकुल सुवेदीसँगै न्याय सेवामा प्रवेश गरेकाहरु उच्च अदालतको न्यायाधीशमा कार्यरत रही रहेको अवस्था समान कानून व्यवसायीको क्षेत्रबाट नियुक्त भएका सर्वोच्च अदालतको न्यायाधीशका समकक्षीहरु पनि उच्च अदालतको न्यायाधीश पदसम्म कार्यरत रही रहेको अवस्था विद्यमान रहेको छ। यी दुवै अवस्थालाई समानान्तर एवं समानताको दृष्टिकोणबाट नै हेर्न, सम्झन र तुलनात्मक रुपले अध्ययन, मनन् र विश्लेषण गरेर मात्र न्यायपूर्ण धारणा बनाएर निष्कर्षमा पुग्न सान्दर्भिक र उपयुक्त हुन्छ। न्यायपालिकाको नेतृत्व तहमा कानून व्यवसायीको क्षेत्रबाट मात्र पुग्नु पर्ने गरी न्यायाधीशको नियुक्ति हुनु पर्ने जस्तो एकाङ्की धारणा कार्यपालिका, न्यायपरिषद्, राजनीतिक दल, सर्वोच्च एवं नेपाल बार (Bar) समेतले राख्नुलाई कदापी सान्दर्भिक धारणा हो भनी मान्न मिल्दैन । न्यूनतम योग्यता मात्र नभै कानूनमा उच्च शिक्षा प्राप्त गरी सेवाप्रवेशको लागि लोकसेवा र बढुवाको लागि न्याय सेवावाट लिईने प्रतिष्पर्धात्मक परीक्षा उत्तिर्ण गरी कानून र न्यायको सिद्धान्त, नीति र कार्यान्वयनको विविध पक्षमा गहन व्यवसायिक अनुभव हासिल गरी न्यायिक कार्यसमेत गरी सकेका न्यायसेवाका दक्ष र सक्षम अधिकृतका साथै उच्च प्रशासक र तीनका पदहरु संवैधानिक अंगमा कानून र न्यायको क्षेत्रबाट राजनीतिक नियुक्ति भएका अन्य पदाधिकारी सरह न्यायाधीश हुने भर्याङ भए र बनाइयो भनेर सोच्नु किञ्चित पनि न्यायोचित हुने देखिंदैन । यो अवस्थालाई न्याय परिषद्ले अति गम्भिरताको साथ सूक्ष्म रुपले नजिकबाट हरेक पटक प्रत्येक तहको अदालतको न्यायाधीश नियुक्ति गर्दाको प्रक्रियाको चरणमा न्यायपालिका

प्रति संस्थागत रुपमा र साथै न्यायसेवाका हरेक तहका अधिकृत कर्मचारी र केडरका न्यायाधिहरु समेतलाई समान रुपले प्रशासनिक न्याय (Administrative justice) हुने दृष्टिकोणबाट सदैव मनन् गरिरहनु पर्ने अवस्था रहन गएको छ ।

२५. प्रत्यर्थी मूख्य न्यायाधीश श्री नहकुल सुवेदी रा.प. प्रथम श्रेणी, सहसचिव स्तरको पदमा मिति २०६४।५।७ देखि नियुक्ती भई रा.प. विशिष्ट श्रेणीको सचिव र मूख्य रजिष्ट्रारको पदमा मिति २०७४।९।२५ सम्म कार्यरत रहेको अवधिसमेत गरी जम्मा १० वर्ष ४ महिना १८ दिन र मूख्य न्यायाधीश पदमा मिति २०७४।९।२० मा सिफारिस भई मिति २०७४।९।२५ गते नियुक्ती भई मिति २०७७।११।२८ गतेसम्म ३ वर्ष २ महिना ३ दिन कार्यरत रहेको अवधिसमेत गरी निज सुवेदी राजपत्राङ्कित प्रथम श्रेणी भन्दा माथिल्लो मूख्य न्यायाधीश समेतको पदमा गरी जम्मा १३ वर्ष ६ महिना २१ दिन कार्यरत रहेको देखिन आयो। न्यायाधीश पद न्यायसेवाको संवैधानिक पद नै भएकोले मुख्य न्यायाधीशको पदलाई संवैधानिक प्रावधान र त्यसको मर्म अनुसार न्यायसेवाको राजपत्राङ्कित प्रथम श्रेणी भन्दा माथिल्लो पद होईन भन्न मिल्दैन। न्यायसेवाको रा.प.प्रथम श्रेणी वा सो भन्दा माथिल्लो विशिष्ट श्रेणीसम्मको पदमा १२ वर्ष कार्य गरेको व्यक्ति भन्दा केही अवधी मूख्य न्यायाधीशको पदमा रही न्याय सम्पादनको कार्यको अनुभवसमेत प्राप्त गरी १२ वर्षभन्दा बढी समयसम्म कार्य गरेको व्यक्ति बढी सक्षम हुन्छ भन्ने कुरामा द्विमत हुन सक्दैन।

२६. न्यायसेवाको रा.प. प्रथम श्रेणीको सहसचिव स्तरको पददेखी माथि विशिष्ट श्रेणीको सचिव र मूख्य सचिव स्तरको मूख्य रजिष्ट्रारको पद रहेको र सो भन्दा माथिल्लो पदमा मूख्य न्यायाधीशको पद रहेको छ। संविधानको धारा १२९ को उपधारा (५) मा सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिको लागी न्याय सेवाको रा.प. प्रथम श्रेणी भन्दा माथिल्लो श्रेणी नभनिकन सो भन्दा माथिल्लो पदमा रही १२ वर्ष काम गरेको भन्ने व्यवस्था रहेको हुँदा मूख्य न्यायाधीश पद रा.प. प्रथम श्रेणीको सहसचिव स्तर र विशिष्ट श्रेणीको सचिव, रजिष्ट्रार र सोही श्रेणीको मूख्य रजिष्ट्रारको पद भन्दा माथिल्लो पद रहेको हुँदा मूख्य न्यायाधीश श्री नहकुल सुवेदी रा.प. प्रथम श्रेणीको सहसचिव स्तरको पद देखी माथिल्लो स्तरको मूख्य न्यायाधीशको पदसम्म नियमित र अटुट रुपमा १३ वर्ष ६ महिना २१ दिन कार्य

गरेको र सो अवधिले संविधानको धारा १२९ को उपधारा (५) ले रा.प. प्रथम श्रेणी र सो भन्दा माथिल्लो पदमा १२ वर्ष सम्म काम गरेको हुनु पर्छ भनी तोकेको योग्यता भरपूर रुपमा पुगेकै देखिन्छ।

२७. एउटै सेवामा राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव स्तर देखि विशिष्ट श्रेणीको मूख्य रजिष्ट्रार र सो भन्दा माथिको मुख्य न्यायाधीशको पदसम्म नियमित रुपमा कार्य गरेको अनुभव उसको योग्यता भित्र नै पर्दछ। संविधानको धारा १२९ को उपधारा (५) को व्यवस्थालाई हेर्दा, रा.प. प्रथम श्रेणी सहसचिव स्तर देखि विशिष्ट श्रेणीको मूख्य रजिष्ट्रारसम्म र सो भन्दा माथिल्लो पद मूख्य न्यायाधीशको अनुभव दुई अलग अलग क्षेत्रको भएको हुँदा एउटा क्षेत्रको पदको अनुभव अवधि अर्को क्षेत्रको अनुभवको अवधिमा जोडन र गणना गर्न मिल्दैन भन्ने भनाई संविधान सम्मत देखिन आउँदैन।

२८. संविधानको धारा १२९(५) मा सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्त हुन आवश्यक योग्यतामा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तिमा बाह्र वर्ष काम गरेको नेपाली नागरिक भन्ने तोकिएकोमा मुख्य न्यायाधीश नहकुल सुबेदी मिति २०६४ । ५।७ मा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणीको पदमा नियुक्त भै बाह्र वर्ष भन्दा लामो अवधिसम्म निरन्तर सेवामा रहिरहेको देखिएको र निजको आवश्यक योग्यता नपुगेको भन्ने अवस्था नदेखिंदा न्याय परिषदबाट निजलाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्तिका लागि गरिएको मिति २०७७।११।२८ को सिफारश निर्णय त्रुटीपूर्ण देखिएन ।

२९. विपक्षी मूख्य न्यायाधीश श्री नहकुल सुवेदीको रा.प. प्रथम श्रेणी र सो भन्दा माथिल्लो विशिष्ट श्रेणीको मूख्य रजिष्ट्रार सम्मको पदमा १० वर्ष ४ महिना १८ दिन मात्र पुग्छ, संविधानको धारा १२९ को उपधारा (५) ले व्यवस्था गरे बमोजिम १२ वर्ष पुग्दैन। निज सुवेदी मिति २०७४।९।२५ गते देखि मूख्य न्यायाधीश पदमा नियुक्ति भई कार्यरत रहेको ३ वर्ष २ महिना ३ दिन रा.प. प्रथम श्रेणीको सहसचिव स्तरदेखि विशिष्ट श्रेणीको मूख्य रजिष्ट्रारको पदमा रही कार्यरत रहेको अवधिमा जोडेर गणना गर्न मिल्दैन भन्ने निवेदन एवं विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुको बहस जिकिरसँग सहमत हुन सकिएन।

३०. नेपालको संविधानले सबै तहका अदालतका न्यायाधीश नियुक्तिको सिफारिश गर्ने जिम्मेवारी न्याय परिषदलाई तोकेको छ। न्याय परिषदले नियुक्तिको सिफारिश गर्दा संविधान तथा ऐन नियमले तोकेका आधार कारणबाट उपयुक्त ठहराएको ब्यक्तिलाई सिफारिश गर्नुपर्ने हुन्छ। त्यस्तो संवैधानिक दायित्व भएको साधिकार निकायले गरेको कुनै पनि काम कारवाही वा निर्णयमा प्रथम दृष्टिमा नै देखादेखि र प्रत्यक्ष त्रुटी नदेखिएमा यसै अदालतबाट यस्तै न्यायाधीश नियुक्ति उपर परेको निवेदनहरुमा[1] विपक्षीहरुबाट लिखित जवाफ मगाएको अवस्था नदेखिंदा प्रस्तुत मुद्दामा पनि विपक्षीहरुबाट लिखित जवाफ मगाई रहनु पर्ने देखिन आएन।

३१. तसर्थ, माथि विवेचित आधार र कारण समेतबाट विपक्षी नहकुल सुवेदी मिति २०६४। ५।७ गते देखि न्यायसेवाको रा.प. प्रथम श्रेणीको सहसचिव स्तरको पदमा, मिति २०७३।१०।६ मा रा.प. विशिष्ट श्रेणीको सचिव पदमा र मिति २०७४।३।२२ देखि २०७४।९।२५ सम्म विशिष्ट श्रेणीको मूख्य रजिष्ट्रारको पदमा गरी १० वर्ष ४ महिना १८ दिन र मिति २०७४।९।२० को सिफारिसले मिति २०७४।९।२५ मा मूख्य न्यायाधीशको पदमा नियुक्ती भई मिति २०७७।११।२७ गतेसम्म ३ वर्ष २ महिना ३ दिन कार्यरत रही निजले न्यायसेवाको रा.प. प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा १२ वर्षभन्दा बढी अवधिको अनुभव हासिल गरेको देखिन्छ । यसरी निजले प्राप्त गरेको उपरोक्त योग्यताहरु नेपालको संविधानको धारा १२९ को उपधारा (५) बमोजिम सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति हुन पुगेको नै देखिंदा नेपालको संविधानको

---

1 . बद्री प्रसाद ओली वि न्याय परिषद सचिवालय समेत २०६३ सालको रिट न -०२६१ फैसला मिति २०४४।३।१८ न्याय परिषदको निर्णयमा संविधान वा कानूनको प्रत्यक्ष उल्लंघन भएको भनी apparent error on the face of record नदेखिएको अवस्थामा कारणदेखाउ आदेश जारी गर्न नपर्ने....।

..अधिवक्ता डा विजयिसंह सिजापति वि न्याय परिषद समेत २०७२-wo-०६४७ फैसला मिति २०७२।१२।७ संविधान बमोजिम भएको नियुक्तिमा कारण देखाउ आदेश जारी गर्न नपर्ने....।

..वरिष्ठ अधिवक्ता शम्भू थापा वि न्याय परिषद समेत २०७५-wo-११०७ फैसला मिति२०७६।१।२४ फरक भूमिकामा रही कार्य गर्नासाथ पुन संविधानले तोके बमोजिमको योग्यता शुरुदेखि नै चाहिने भन्न नमिल्ने हुंदा कारण देखाउ आदेश जारी गर्न नपर्ने....|

..सुवोधमान नापित विन्याय परिषद समेत २०६१ सालको रिट नं २९०३ फैसला मिति२०६१।४।१९ सरकारी वकिलको रुपमा कार्य गरेको अनुभव समेत अधिवक्ता वा वरिष्ठ अधिवक्ताको हैसियतमा बहस गरेको मानिने भएकाले कारण देखाउ आदेश जारी गर्न नपर्ने....|

उक्त धारा बमोजिम निजको योग्यता नपुगेकोले निजलाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तीको लागि न्याय परिषद्‌वाट मिति २०७७।११।२८ मा भएको सिफारिसको निर्णय उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने निवेदन जिकिर पुग्न सक्ने अवस्थाको विद्यमानता नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत रिट निवेदनको मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

इजलास अधिकृत (उपसचिव) : हेमराज तिमिल्सैना

कम्प्युटर : अमिररत्न महर्जन

इति सम्वत् २०७७ साल चैत्र ३० गते रोज २ शुभम्---------------------------।